**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२८ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह्देव देवानाम् सदा समरविजयिनाम् ।**

### राष्ट्रिय संचार सेवा योजना अनुरूप संचार संस्थानको स्थापना र गठन गर्न बनेको ऐन

प्रस्तावनाः– राष्ट्रिय एकताको सुदृढिकरण तथा आर्थिक विकासको निमित्त राष्ट्रिय संचार सेवा योजना अनुरूप संचार सेवालाई विभिन्न माध्यमद्वारा सर्वसाधारण जनतालाई सरल, सुलभ एवं सुपथ रूपमा उपलब्ध गराउन संस्थानहरूको माध्यमद्वारा संचालन गरी सर्वसाधारण जनतालाई समेत सकभर बढी मात्रामा शरीक गराई तिनीहरूको आर्थिक अवस्थामा सुधार ल्याई जीवनस्तर उच्चा पार्दै लैजानको लागि त्यस्ता संस्थानका सम्बन्धमा केही आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "संचार संस्थान ऐन २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः—

(क) "संस्थान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको संस्थानलाई सम्झनुपर्छ ।

(ख) "संचालक समिति" भन्नाले संस्थानको संचालक समिति सम्झनुपर्छ ।

(ग) "महाप्रबन्धक" भन्नाले संस्थानको महाप्रबन्धकलाई सम्झनुपर्छ र यो शब्दले निजको निमित्त काम गर्ने व्यक्तिलाई समेत जनाउनेछ ।

(घ) "शेयर होल्डर" भन्नाले यस ऐन अन्तर्गत स्थापित संस्थानको सम्बन्धमा सो संस्थानको शेयर लिने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "संचालक" भन्नाले संस्थानको संचालक सम्झनुपर्दछ र यो शब्दले समितिको अध्यक्षता गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

स्थापना, पूंजी र व्यवस्था

३. संस्थानको स्थापनाः– (१) राष्ट्रिय हित तथा सर्वसाधारण जनताको ज्ञान, जानकारी, मनोरञ्जन, सुविधा वा आर्थिक हितको निमित्त कुनै संचार सेवालाई संस्थानको माध्यमबाट संचालन गर्न आवश्यक वा उपयुक्त देखिएमा श्री ५ को सरकारले देहायका कुराहरू खुलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै संस्थानको स्थापना र गठन गर्न सक्नेछः—

(क) संस्थानको नाम,

(ख) संस्थानको मूल कार्यालय रहने ठाउँ,

(ग) संस्थानको उद्देश्य र काम कर्तव्य ।

(२) उप-दफा (१) बमोजिम स्थापना भएको संस्थानको नाम, कार्यालय वा उद्देश्य तथा काम कर्तव्यमा कुनै हेरफेर गर्नु परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो हेरफेर गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. संस्थानले शाखा कार्यालय खोल्न सक्ने :– संस्थानले आफ्नो मूल कार्यालयबाहेक श्री ५ को सरकारको स्वीकृति लिई आवश्यकतानुसार शाखा कार्यालय खोल्न सक्नेछ ।

५. संस्थान स्वशासित र संगठित संस्था मानिने :– (१) संस्थान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था मानिनेछ ।

(२) संस्थानको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्थानले यस ऐन र प्रचलित नेपाल कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र कुनै किसिमले हस्तान्तरण गर्न सक्नेछ ।

(४) संस्थानले आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. संस्थानको पूंजी शेयर र शेयर होल्डरहरू :– (१) प्रत्येक संस्थानको अधिकृत पूंजी श्री ५ को सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) संस्थानको कूल पूंजीमा कम्तीमा एकाउन्न प्रतिशत शेयर श्री ५ को सरकारले लिनेछ र कम्तीमा पच्चीस प्रतिशत शेयर संस्थानका कर्मचारीलाई तोकिएबमोजिम बिक्री गरिनेछ । बांकी रहेको शेयर सर्वसाधारणलाई बिक्री गरिनेछ । कर्मचारीले खरीद गरेको शेयर निजले संस्थानको सेवामा रहुन्जेल मुक्ति बिक्री गर्न पाउने छैन ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ ।

(४) साधारणत: संस्थानका कर्मचारीहरूले बाहेक कुनै व्यक्ति वा कम्पनीलाई तोकिएको संख्याभन्दा बढी संख्यामा शेयर बिनमा प्रतिबन्ध लगाउन सकिनेछ ।

(५) संस्थानको शेयर होल्डरको दायित्व सीमित हुनेछ ।

७. शेयरहोल्डर हुन अयोग्यता :– नेपालको नागरिक वा नेपाल कानून अन्तर्गत रजिष्टर भएको कम्पनी वा सहकारी संस्था वा नेपाल ऐन अन्तर्गत स्थापना भएको कर्पोरेशन वा संगठित संस्था बाहेक अरू कसैले पनि श्री ५ को सरकारको स्वीकृति नलिई संस्थानको शेयर किन्न वा शेयर होल्डर बन्न पाउने छैन ।

८. अनुदान र ऋण लिने अधिकार :– श्री ५ को सरकारको स्वीकृति लिएर संस्थानले आफ्नो चालू पूंजी बढाउनको लागि आवश्यक नगद वा जिन्सी ऋण लिन वा अनुदान स्वीकार गर्न सक्नेछ । साधारण सभाको व्यवस्था भएपछि कुनै विदेशी राष्ट्र वा एजेन्सीबाट त्यसरी ऋण लिदा वा अनुदान स्वीकार गर्दा साधारण सभाको पनि परामर्श लिनु पर्नेछ ।

९. संस्थानको रेखदेख र व्यवस्था :– यो ऐनमा अन्यथा लेखिएकोमा बाहेक संस्थानको सबै काम कारवाईको रेखदेख, निर्देशन र व्यवस्था संचालक समितिले गर्नेछ । तर संचालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख गरिएको आफ्नो कर्तव्य र अधिकारहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्ये आफूले आवश्यक एवं उचित देखेका कर्तव्य र अधिकारहरू महाप्रबन्धक वा एक वा एकभन्दा बढी संचालकहरूको उप-समिति वा संस्थानका अरू पदाधिकारीले पालन र प्रयोग गर्ने गरी सुम्पन सक्नेछ ।

परिच्छेद–३

संचालक समिति

१०. संचालक समितिको गठन र संचालनको कार्यावधिः– (१) प्रत्येक संस्थानको संचालक समिति (यसपछि समिति भनिएको) मा देहायबमोजिम पांच जना संचालकहरू रहनेछन्ः–

(क) संस्थानको महाप्रबन्धक,

(ख) गैर-सरकारी शेयर होल्डरहरूमध्येबाट साधारण सभाद्वारा निर्वाचित एक जना,

(ग) सरकारी शेयर बापत श्री ५ को सरकारले मनोनयन गरेको एक जना,

(घ) संस्थानको कार्यक्षेत्र सम्बन्धित क्षेत्रमा ख्याती प्राप्त व्यक्तिमध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको एक जना, र

(ङ) संस्थानमा काम गर्ने शेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित एक जना ।

(२) साधारण सभाद्वारा निर्वाचित हुने व्यवस्था नभएसम्म वा उप-दफा (१) को खण्ड (ङ) अन्तर्गत शेयरवाला कर्मचारी मध्येबाट निर्वाचित हुने व्यवस्था नभएसम्म शेयर होल्डरबाट निर्वाचित हुने संचालक पनि श्री ५ को सरकारबाट मनोनीत हुनेछ ।

(३) श्री ५ को सरकारले अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षता समितिको महाप्रबन्धकले गर्नेछ ।

(४) उप-दफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनीत संचालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा श्री ५ को सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न यस उप-दफाले कुनै बाधा पुन्याएको मानिने छैन ।

(५) साधारण सभाबाट वा संस्थानका कर्मचारीहरूबाट संचालकको निर्वाचन कार्यभार सह्यालेपछि तिनका हकमा श्री ५ को सरकारबाट मनोनीत संचालकहरू स्वतः खारेज हुनेछ ।

तर यसरी खारेज भएको व्यक्ति संचालकमा नियुक्त हुन वा मनोनीत हुन यस उप-दफाले बाधा पुन्याएको मानिने छैन ।

(६) निर्वाचित संचालकहरूको कार्य अवधि दुइ वर्षको हुनेछ । कार्य अवधि सकिएपछि निज पुनः संचालकमा निर्वाचित हुन सक्नेछ ।

११. संचालकको निमित्त अयोग्यताः– देहायको कुनै व्यक्ति संचालक हुन वा रहन सक्ने छैन :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बहुला वा मानसिक सन्तुलन रहित व्यक्ति,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय पाएको र त्यस्तो कैदको सजाय भोगिसकेको मितिले पांच वर्ष भुक्तान नगरेका व्यक्ति,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेका व्यक्ति, वा

(घ) संस्थानसंगको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको व्यक्ति ।

१२. संचालकलाई हटाउन सकिने अवस्थाः– (१) देहायको अवस्थामा निर्वाचित संचालकलाई साधारण सभामा उपस्थित शेयर होल्डरहरूको बहुमतले हटाउन सकिनेछः–

(क) दफा ११ मा उल्लिखित कुनै अयोग्यता भएमा ,वा

(ख) समितिको अनुमति बिना समितिको बैठकमा लगातार तीन पटकभन्दा बढी अनुपस्थित भएमा र सो अनुपस्थितिको कारण मनोनीत संचालक भए श्री ५ को सरकारको दृष्टिकोणमा र निर्वाचित संचालक भए साधारण सभाको दृष्टिकोणमा मुनासिव नदेखिएमा, वा

(ग) दफा १७ उल्लंघण गरी संस्थानसंग भएको कुनै ठेक्का पट्टामा हिस्सेदार भएको प्रमाणित भएमा ।

(२) शेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित संचालकको हकमा त्यस्ता शेयर होल्डर कर्मचारीको बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा ।

१३. संचालकको राजीनामा र खाली स्थानको पूर्तिः– (१) कुनै मनोनीत संचालकले श्री ५ को सरकारमा र निर्वाचित संचालकले समितिमा लिखित सूचना दिई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ । राजीनामा स्वीकृत भएपछि निजले पदत्याग गरेको मानिने छ ।

(२) कुनै मनोनीत वा निर्वाचित संचालकको पद मृत्यु, राजीनामा वा अरू कुनै कारणबाट खाली हुन आएमा मनोनयन वा निर्वाचनद्वारा सो खाली स्थानको पूर्ति गरिने छ र त्यसरी निर्वाचित वा मनोनीत संचालक आफ्नो साविकवालाको बांकी अवधिसम्म मात्र सो स्थानमा वहाल रहनेछ।

(३) समितिको गठनमा कुनै त्रुटी भई वा कुनै संचालकको स्थान खाली भई समितिमा काम कारवाई भएको भए पनि सोही कारणले मात्र भई सकेको त्यस्तो काम कारवाई बदर हुन सक्दैन ।

१४. संचालकको पारिश्रमिकः– संचालक समितिको अध्यक्ष वा सदस्यलाई तोकिएबमोजिम पारिश्रमिक वा पारिश्रमिक वापत संस्थानको शेयर उपलब्ध गराइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. समितिको बैठकः– (१) समितिले तोकेको समय र स्थानमा समितिको बैठक बस्नेछ र समितिको बैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ । अध्यक्षको अनुपस्थितिमा संचालकहरूले आफूमध्येबाट छानेको संचालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(२) समितिमा तत्काल कायमरहेका सदस्यहरूको कूल संख्याको आधि भन्दा बढी सदस्यहरूले बैठकमा उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा उपस्थित भई मत दिने संचालकहरूको बहुमतको निर्णय मान्य हुनेछ । अध्यक्षता गर्ने व्यक्तिले साधारणतः मत दिन पाउने छैन, तर मत बराबर भएमा निर्णयात्मक मत दिन पाउनेछ ।

१६ महाप्रबन्धक, सल्लाहकार र अन्य कर्मचारीको नियुक्तिः–(१) प्रत्येक संस्थानको कार्यहरूको संचालनको निमित्त श्री ५ को सरकारले एकजना महाप्रबन्धक र आवश्यक भएजति सल्लाहकार तथा समितिले अरू कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछन् । निजहरूको नियुक्ति सेवाको शर्त र कार्यविधि र पारिश्रमिक तोकिएबमोजिम हुनेछ ।

(२) संस्थानको कर्मचारीले प्रत्येक महीना पाउने पारिश्रमिकको तोकिएबमोजिमको अंकबाट अनिवार्यरूपले संस्थानको शेयर खरीद गर्नु पर्ने गरी नियुक्ति र सेवाको शर्त तोक्न सकिनेछ ।

तर, अस्थायी नियुक्त भएका र करार सेवामा नियुक्त गरिएका कर्मचारीलाई शेयर बिक्री गरिने छैन ।

१७. महाप्रबन्धक तथा अन्य कर्मचारीउपर कारवाही गर्नेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियमद्वारा प्राप्त आफ्नो अधिकारको दुरुपयोग गरेको वा सो भन्दा बढी अधिकारको प्रयोग गरेको वा समितिको सम्पत्ति वा कोष हिनामिना गरेको छ भन्ने लागेमा समितिका कर्मचारीहरूलाई बोर्डले तोकिदिएबमोजिम निलम्बन गर्ने र नोकरीबाट बर्खास्त समेत गर्ने गरी सजाय दिन सक्नेछ ।

तर, महाप्रबन्धकको हकमा बोर्डको बैठकले गरेको शिफारिसको आधारमा श्री ५ को सरकारद्वारा उपरोक्त बमोजिमको सजाय दिनेछ र सो बोर्डको बैठकमा महाप्रबन्धकले भाग लिने छैन ।

(२) उप-दफा (१) अनुसार त्यस्ता व्यक्तिलाई सजाय दिनु अगावै निजको अभियोग निष्पक्षतवरले जांचबुझ गराउने कर्मचारीको हकमा बोर्डले र महाप्रबन्धकको हकमा श्री ५ को सरकारले उचित ठहऱ्याएको एक व्यक्ति नियुक्त गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम जांचबुझ गर्दा बयान गराउने कागज लिखतहरू दाखिल गराउने साक्षी प्रमाण बुझ्ने सम्बन्धमा जिल्ला अदालतलाई भए सरहका सबै अधिकार सो नियुक्त व्यक्तिलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (१) बमोजिम भएको सजायको निर्णयका आदेश उरप चित्त नबुझ्ने महाप्रबन्धकले सर्वोच्च अदालतमा र अन्य कर्मचारीले अञ्चल अदालतमा त्यस्तो सजायको निर्णय वा आदेश भएको मितिले ३५ दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

१८. संस्थानको संचालक र महाप्रबन्धकउपर प्रतिबन्धः–संस्थानको संचालक वा महाप्रबन्धकले संस्थानसंग हुने कुनै ठेक्का पट्टामा हिस्सेदार हुन सक्नेछैन :

तर, संस्थानले लिए दिएको वा लिने दिने प्रस्ताब गरी समितिको बिचारार्थ पेश हुन आएको कुनै ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट सरोकार भएको कुनै कुरा आफूलाई थाहा हुनासाथ प्रत्येक संचालक वा महाप्रबन्धकले सो कुरा यथाशीघ्र समितिको सभामा पेश गर्नुपर्छ । सो पेश भएको कुरा माईन्यूट बूकमा जनाइनेछ र सरोकारवाला संचालकले सो ठेक्का पट्टाबारे समितिमा हुने कुनै विचार बिमर्श वा निर्णयमा भाग लिन पाउने छैन ।

१९. श्री ५ को सरकारको स्वीकृति प्राप्त गर्नु पर्नेः– संस्थानले श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई देहायका काम कुरा गर्न हुँदैन ।

(क) एकलाख रूपैयांभन्दा बढी मूल्य पर्ने कुनै अचल सम्पत्ति खरीद गर्न वा प्राप्त गर्न वा,

(ख) पांच वर्षभन्दा बढी समयको लागि कुनै अचल सम्पत्ति धितो लिन वा दिन वा,

(ग) पचास हजारभन्दा बढी मोल पर्ने कुनै सम्पत्ति वा अधिकार वा सुबिधा वेच बिखन वा नामसारी गर्न ।

## परिच्छेद–४

## साधारण सभा

२०. कार्यक्रम पेश गर्नेः– (१) समितिले आफ्नो आर्थिक वर्ष शुरू हुनुभन्दा कमसेकम तीन महीना अगाडि संस्थानले आगामी आर्थिक वर्षमा गरिने कार्य संचालन सम्बन्धी कार्यक्रम, बिकास कार्यको आय व्ययको बिबरण अरू काम कुराहरूको बिबरण, पूंजी लगानी र कर्मचारीहरूको थपमद्दत चाहिने भए त्यस्को विवरण सहित आर्थिक लगत प्रस्ताबित गरी साधारण सभामा स्वीकृतिको निमित्त पेश गर्नु पर्नेछ ।

(२) कुनै आर्थिक वर्षमा संस्थानले उपदफा (१) अन्तर्गत पहिले नै पेश भई सकेको कार्यक्रममा उल्लिखित कुराहरूको अतिरिक्त अरू कुनै विशेष कार्य गर्न चाहेमा र त्यसले गर्दा प्रस्ताबित आर्थिक लगतमा ठोस अदल बदल ल्याउने संभावना भएमा संस्थानले त्यस्तो काम कुराका पूरक कार्यक्रम र त्यस सम्बन्धमा उक्त आर्थिक सालको बांकी रहन आएको रकम वेहोर्ने खर्च र प्राप्त गर्ने रकमको पूरक लगत साधारण सभामा स्वीकृतिको निमित्त पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८३

(३) साधारण सभाको व्यवस्था नभएसम्म समितिले उपदफा (१) र (२) बमोजिमको लगत श्री ५ को सरकारछेउ पेश गर्नु पर्दछ ।

२१. साधारण सभाः– (१) संस्थानले बिक्री गर्न निस्काशित गरेको शेयर पूंजीको कम्तीमा ५ प्रतिशत मूल्यको शेयर बिक्री भइ सकेपछि प्रत्येक वर्ष संस्थानको वार्षिक हिसाब बन्द भएको मितिले नब्बे दिनभित्र संस्थानको मूल कार्यालयमा एक साधारण सभा (यसपछि वार्षिक साधारण सभा भनिएको) गरिनेछ । कम्तिमा पांच प्रतिशत शेयर होल्डरहरूले लिखित निवेदन गरेमा वा समितिले आवश्यक ठहराएमा अरू कुनै समयमा पनि संस्थानको विशेष साधारण सभा बोलाइनेछ ।

(२) कम्तिमा एक तिहाई शेयर होल्डर आफैं वा प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको गणपूरक संख्या पुरा भएको मानिने छैन । सोबमोजिम गणपूरक संख्या नपुगी दोस्रो पटक सभा बोलाउँदा भने शेयर होल्डरहरूको छ खण्डको एक खण्ड उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

तर दोस्रो पटकमा पनि लेखिएबमोजिम गणपूरक संख्या नपुगेमा सोही व्यहोरा श्री ५ को सरकारमा पेश गरी निकासा भएबमोजिम गर्नुपर्छ ।

(३) वार्षिक साधारण सभामा उपस्थित शेयर होल्डरहरूले संस्थानको वार्षिक हिसाब तथा लाभ हानीको खाता, त्यस उपर लेखापरीक्षकको विभागको प्रतिवेदनमा परेका कुराहरू र संस्थानको वर्षभरीको काम सम्बन्धी समितिको प्रतिवेदन उपर छलफल गर्नेछ । वार्षिक साधारण सभाको व्यवस्था हुन नसकेसम्म ती कुराहरू श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

(४) संस्थानको शेयर होल्डरहरूमा नाम दरिएको प्रत्येक व्यक्तिले एक मत दिन पाउनेछ । शेयर होल्डरहरूले साधारण सभाको बैठकमा आफैं उपस्थित नभई वा प्रतिनिधि नपठाई मत दिन पाउने छैन ।

(५) सभाको निर्णय उपस्थित भै मत दिने शेयर होल्डरहरूको साधारण बहुमतद्वारा गरिनेछ ।

२२. निर्णय दिने श्री ५ को सरकारको अधिकारः– संस्थानको कार्य संचालनमा साधारण सभा र समितिको बीच मत विभिन्न हुन गएमा त्यस्को निर्णयार्थ श्री ५ को सरकारसमक्ष पेश गरिने छ र श्री ५ को सरकारले दिएको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– ५

## कोष, हिसाब र लेखा परीक्षण

२३. संस्थानको कोषः– (१) संस्थानको आफ्नो एउटा छुट्टै कोष रहनेछ। ऋण र अनुदान लगायत संस्थानले प्राप्त गर्ने सबै रकम सोही कोषमा जम्मा गरिनेछ र संस्थानको तर्फबाट खर्च गर्नु पर्ने रकमहरू पनि सोही कोषबाट व्यहोरिनेछ ।

(२) कोषको सबै रकम श्री ५ को सरकारले तोकिदिएको बैंकमा जम्मा गरिनेछ ।

(३) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम अधिकृत कार्यहरूको निमित्त उचित ठहरिएको रकम खर्च गर्ने अधिकार समितिलाई हुनेछ ।

२४. संस्थानले दायित्व व्यहोर्नेः– श्री ५ को सरकारको कुनै विभाग वा समिति वा संस्थानलाई यस ऐन अन्तर्गत संस्थानमा परिणत गरिएमा त्यसरी परिणत हुनु अघि त्यस्तो विभाग वा समिति वा संस्थानको तर्फबाट श्री ५ को सरकारले गरेको ठेक्का पट्टा तथा सम्झौता सम्बन्धी दायित्वहरू मध्ये श्री ५ को सरकारले तोकिदिए जति दायित्वहरू त्यसरी परिणत भई स्थापित संस्थानले व्यहोर्नेछ ।

२५. हिसाब राख्ने तरिकाः– संस्थानको आम्दानी खर्चको हर हिसाब श्री ५ को सरकारबाट स्वीकृत ढांचा र तरिकाबमोजिम राखिनेछ ।

२६. नाफा बितरणः– संस्थानले गरेको नाफाको वितरण र उपयोग तोकिएबमोजिम हुनेछ ।

२७. लेखा परीक्षणः– (१) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाले गर्नेछ र निजको पारिश्रमिक सोही सभाले तोकिदिएबमोजिम हुनेछ । त्यस्तो लेखापरीक्षकले नेपाल कानून बमोजिम लेखा परीक्षण गर्न इजाजत प्राप्त गरेको हुनुपर्छ ।

तर पहिलो वार्षिक साधारण सभा नभएसम्मको लेखापरीक्षण श्री ५ को सरकारबाट खटाएको लेखा परीक्षकले गर्नेछ ।

(२) लेखापरीक्षकले संस्थानका जुनसुकै हिसाब र कागजात हेर्न जाँच्न सक्नेछ र सो काममा सहयोग गर्नु संस्थानका सम्बन्धित सबै कर्मचारीको कर्तव्य हुनेछ ।

(३) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षणको प्रतिवेदनको एक प्रतिलिपि श्री ५ को सरकारमा र अर्को प्रतिलिपि संस्थानको साधारण सभामा पेश गर्नेछ र त्यस्तो प्रतिवेदनमा देहायका कुराहरू स्पष्ट उल्लेख भएको हुनुपर्छ ।

(क) संस्थानको बास्तविक आर्थिक स्थिति देखिने गरी सबै आवश्यक कुराहरू स्पष्ट खुलाई ठीक तथा रीतपूर्वक वार्षिक हिसाब तथा लाभ हानिको खाता तयार गरिएको छ छैन,

(ख) मागिएको कुनै स्पष्टिकरण वा सूचना संस्थानले दिएको छ छैन र दिएको भए सो सन्तोषजनक छ छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप–दफा (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा साधारण सभाको राय लिई आवश्यक सुधार वा व्यवस्थाको लागि श्री ५ को सरकारले संस्थानलाई निर्देशन दिन सक्नेछ ।

## परिच्छेद– ६
## विविध

२८. गोप्य राख्ने र विश्वासघात नगर्ने कुराको प्रतिज्ञा गर्नु पर्नेः– आफ्नो पद सम्हाल्नुअघि संस्थानका प्रत्येक संचालक, महाप्रबन्धक, पदाधिकारी र अरू कर्मचारीहरूले अनुसूचीमा लेखिएअनुसार प्रतिज्ञा गर्नु पर्नेछ ।

२९. जाँच बुझ गराउने श्री ५ को सरकारको अधिकारः– (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्थानको काम कारवाईको जाँचबुझ गर्न कुनै निरीक्षक नियुक्त गर्न वा समिति गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम नियुक्त भएको निरीक्षक वा गठन गरिएको समितिले संस्थानको सबै हिसाब किताब र कागज पत्र जाँच्न सक्नेछ ।

(३) उप–दफा (१) बमोजिम नियुक्त भएको निरीक्षक वा गठन गरिएको समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यबिधि तथा पालन गर्नु पर्ने शर्तहरू श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

३०. निर्देशन दिने श्री ५ को सरकारको अधिकारः– राष्ट्रिय हितको निमित्त उचित ठहराएमा श्री ५ को सरकारले संस्थानलाई देहायबमोजिम निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु संस्थानको कर्तव्य हुनेछः–

(क) कुनै खास क्षेत्र तोकी वा नतोकी कुनै सेवा वा कार्य संचालन गर्न, वा

(ख) संस्थानले गरिरहेको कुनै काम कुनै खास क्षेत्रमा नगर्न वा कुनै अदल बदल गर्न वा सम्पूर्ण रूपमा बन्द गर्नु, वा

(ग) संस्थानले गर्न आँटेको कुनै काम कुरा नगर्न ।

३१. श्री ५ को सरकारसंगको सम्पर्कः– संस्थानले आफ्नो काम कारवाईको सिलसिलामा श्री ५ को सरकारसंग सम्पर्क राख्दा वा दफा २९ बमोजिम श्री ५ को सरकारले संस्थानलाई कुनै निर्देशन दिंदा संचार मन्त्रालयमार्फत सम्पर्क राख्नु वा निर्देशन दिनुपर्छ ।

३२. हानी नोक्सानीबारे अधिकारीहरूको बचाउः– संचालक वा संस्थानको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्यको पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानी नोक्सानीको निमित्त निज व्यक्तिगत तवरले जवाफदेही हुने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. दण्ड सजायः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम कुनै हिसाब किताब राख्नु पर्ने वा प्रतिवेदन पेश गर्नु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो हिसाब किताब वा प्रतिवेदन वा अन्य कुनै कागजातमा जानी जानी वा बदनियतले सांचो कुरा दबाई झूटो कुरा देखाएमा वा व्यहोरा फरक पारेमा वा त्यस्तो काम कुरा गर्ने उद्योग गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) संचालक वा संस्थानको कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य कुनै कुरा गरी संस्थानलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रुपैयांसम्म जरिवाना हुनेछ ।

(३) कसैले दफा २८ अन्तर्गत नियुक्त भएको निरीक्षक वा गठन भएको समितिको काम काजमा कुनै बाधा पुऱ्याएमा वा माग गरेको कुनै कागजपत्र वा सूचना कुनै मुनासिब माफिकको कारण विना नदिएमा वा दिन लापरवाही गरेमा निजलाई एक हजार रुपैयांसम्म जरिवाना हुनेछ ।

(४) कसैले संस्थानको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा संस्थानको नाम प्रयोग गरेमा निजलाई बढीमा छ महीनासम्म कैद वा एक हजार रुपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(५) तत्काल संचालक वा महा-प्रवन्धक भएको कुनै व्यक्तिले दफा १७ उल्लंघन गरी संस्थानसित हुने लिखित ठेक्कामा हिस्सेदार भई सो दफाबमोजिम जाहेर गर्नु पर्ने नगरी सो हैसियतबाट कुनै अनुचित फाइदा उठाएको वा उठाउन उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद वा पांच हजार रुपैयांसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(६) यस दफाबमोजिम सजाय हुने अपराधबाट संस्थानलाई कुनै हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको बिगोसमेत सो अपराध गर्ने व्यक्तिबाट असूल उपर गरिनेछ ।

३४. अदालतको अधिकार क्षेत्रः– (१) आफ्नो तर्फबाट वा अरू कुनै व्यक्तिका तर्फबाट संस्थान वादी वा प्रतिवादी भएको कुनै मुद्दा मामिला वा यस ऐन अन्तर्गतको कुनै मुद्दामामिला वा अरू कानूनी कारवाईको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र अञ्चल अदालतलाई हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत अञ्चल अदालतले गरेको फैसलाउपर सर्वोच्च अदालतमा प्रचलित नेपाल कानूनबमोजिम पुनरावेदन लाग्न सक्नेछ ।

तर त्यस्तो फैसलाबाट दुइसय रुपैयां वा सोभन्दा कम जरिवाना भएकोमा पुनरावेदन लाग्ने छैन ।

३५. नियमहरू बनाउने श्री ५ को सरकारको अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. विनियमहरू बनाउने संस्थानको अधिकार:– संस्थानको काम कुराहरूको उचित सम्पादनको निमित्त यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा बाधा विरोध नपारी संस्थानले विनियमहरू बनाउन सक्नेछ र ती विनियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

३७. बचाउ:– यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

## अनुसूची

दफा २७ संग सम्बन्धित

ईमान्दारी र गोपनीयताको प्रतिज्ञा

म ......... प्रतिज्ञा गर्दछु कि संस्थानको संचालक वा महाप्रबन्धक वा कर्मचारी वा निरीक्षक वा पदाधिकारीका हैसियतबाट वा संस्थानमा आफ्नो पद सम्बन्धी काम कुरामा आफ्नो योग्यताले भेटेसम्म परिआएको कर्तव्यको पालन ईमान्दारीपूर्वक र सत्य निष्ठाले गर्नेछु ।

म पुन: प्रतिज्ञा गर्दछु कि कुनै अनधिकृत व्यक्तिलाई संस्थानसम्बन्धी कुनै सूचना प्रकाश गर्न वा गर्न लगाउन वा कसैलाई संस्थानको अधीनमा रहेको संस्थानसम्बन्धी कुनै कागजपत्र कुनै व्यक्तिलाई निरीक्षण वा ग्रहण गर्न दिने छैन ।

लालमोहर सदर मिति २०२८।१२।२०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६४